जिल्लास्तरमा कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कामलाई सहज, छिटोछरितो र प्रभावकारी बनाउन कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश "कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८" को दफा १७ बमोजिम जिल्ला कोभिड व्यवस्थापन समितिको बैठक आज मिति २०७९-०४-०३ गते देहायका महानुभावहरूको समुपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:-**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री राजेन्द्रदेव पाण्डे | संयोजक |
| सशस्त्र प्रहरी उपरीक्षक | श्री नेत्र बहादुर कार्की | सदस्य |
| उप-अनुसन्धान निर्देशक | श्री पप्पु शर्मा पौडेल | सदस्य |
| सेनानी | श्री हिरा बहादुर घिमिरे | सदस्य |
| प्रहरी नायब उपरीक्षक | श्री टेक बहादुर कार्की | सदस्य |
| नि.प्र.मे.सु. | श्री रामचन्द्र सापकोटा | सदस्य |
| नि. जिल्ला समन्वय अधिकारी | श्री सुनिता गजुरेल | सदस्य |

**आमन्त्रित:-**

| | | |
|---|---|---|
| प्रमुख | श्री ललित बहादुर घलान | जिल्ला समन्वय समिति, मकवानपुर |
| नगर प्रमुख | श्री मिना कुमारी लामा | हेटौडा उपमहानगरपालिका |
| प्रमुख प्रशासकीय अधिकृत | श्री शिवराज चौलागाई | हेटौडा उपमहानगरपालिका |
| स.प्र.जि.अ. | श्री बद्रीनाथ गैह्रे | जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| रजिष्ट्रार | श्री राजेश प्रसाई | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौडा |
| जनस्वास्थ्य अधिकृत | श्री भिम सागर गुरागाँई | स्वास्थ्य कार्यालय, मकवानपुर |
| अध्यक्ष | श्री मणिराज गौतम | नेपाल पत्रकार महासंघ मकवानपुर |
| अध्यक्ष | श्री कृष्ण कुमार गुप्ता | मकवानपुर उद्योग वाणिज्य संघ |
| अध्यक्ष | श्री स्वागत राज प्याकुरेल | उद्योग संघ मकवानपुर |

निर्णयहरू:-

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ०५, मिति २०७९-०४-०२ को पत्रसाथ प्राप्त कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७९-०३-२९ को पदाधिकारी बैठकको निर्णयको व्यहोरा बैठकमा छलफल भयो । सो सम्बन्धमा कोभिड-१९ को संक्रमण विगत केही हप्तादेखि निरन्तर बढ्दै गइरहेको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि जिल्लाभित्र देहायबमोजिम गर्ने, गराउने ।

क. स्वास्थ्य संस्थाहरूमा आवश्यक वेड, स्वास्थ्य सामाग्री, जनशक्ति, औषधी र अक्सिजन लगायतलाई तयारी अवस्थामा राख्न जिल्लास्थित अस्पताल तथा स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

ख. कोभिड-१९ को परीक्षणको दायरा बढाउन स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

ग. कोभिड-१९ को संक्रमण बढ्दै गइरहेकोले जनस्वास्थ्यको मापदण्ड पालना गर्न, गराउन स्थानीय तहहरू, स्वास्थ्य कार्यालय, मकवानपुर, मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ, मकवानपुर, नेपाल पत्रकार महासंघ र गैर सरकारी संघसंस्थाहरूलाई सन्देशमूलक जानकारी प्रचार प्रसार गर्न अनुरोध गर्ने ।

घ. कोभिड-१९ को खोप/बुष्टर खोप लगाउन छुटेका समूहहरूको पहिचान गरी त्यस्ता समूहलाई लक्षित गरी खोप/बुष्टर खोप कार्यक्रम अभियान सञ्चालन गर्न स्वास्थ्य कार्यालय, मकवानपुरले स्थानीय तहहरूसँग समन्वय गर्ने ।

२. हेटौडा अस्पताल, हेटौडामा कोभिड-१९ संक्रमित व्यक्तिहरूको निशुल्करूपमा उपचार गर्ने सम्बन्धमा कोभिड-१९ को उपचारमा कार्यरत जनशक्तिहरूको म्याद थप र उपचारको शोधभर्नाको व्यवस्थाका लागि श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाडौं र श्री स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, हेटौडालाई अनुरोध गर्ने ।